**प्लाष्टिकको प्रयोग नगरौं, वातावरण स्वस्थ राखौं**

- प्लाष्टिक चारसय वर्षसम्म कुहिंदैन ।
- यस्ले जमीन तथा जल प्रदूषण गर्दछ ।
- प्लाष्टिकका भाडामा तातो खाद्य पदार्थ क्यान्सर जस्तो घातक रोग लाग्न सक्छ ।
- प्लाष्टिक जलाउँदा वायुमण्डल प्रदूषित हुन्छ ।
- खोलानाला वा समुद्रमा प्लाष्टिक परेपानी प्रदूषित हुन्छ ।

त्यसैले प्लाष्टिको सट्टा कागज र कपडाले बनेको झोला प्रयोग गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

PRATEEK DAILY

# प्रतीक दैनिक

राष्ट्रिय 'क' वर्ग

eprateekdaily.com



निश्शुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।
eprateekdaily.com

❖ वर्ष ३७ ❖ २०८० पुस ०१ गते आइतवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2023 December 17 Sunday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ४ ❖ अङ्क १०७

## मधेस प्रदेशका मुख्यमन्त्री सरोज यादवको राजीनामा माग

# राजमार्ग करीब साढे चार घण्टा अवरुद्ध

प्रस, निजगढ, ३० मङ्सिर/

नेपाली काङ्ग्रेस क्षेत्रीय कार्यसमिति १ बाराको आह्वानमा शनिवार पूर्व–पश्चिम महेन्द्र राजमार्ग अन्तर्गत बाराको निजगढ सडकखण्ड अवरुद्ध गर्दै मधेस प्रदेशका मुख्यमन्त्री सरोज यादवको राजीनामा र सिम्रौनगढ नगरपालिकाका प्रमुख किशोरी साह कलवारमाथि कर्तव्यज्यान मुद्दा दर्ता गर्न माग गर्दै दिउँसो करीब १ बजेदेखि गरिएको सडक अवरोध साँझ ४:३० बजे खुलेको थियो ।



तस्वीरः प्रतीक

मृतक बिनलाई शहीद घोषणा, पीडित परिवारलाई उचित क्षतिपूर्ति, रोजगारको प्रत्याभूति, मृतकका सन्तानको निश्शुल्क अध्ययनको प्रत्याभूति गर्नुपर्ने माग राख्दै जिल्ला प्रशासन कार्यालय, बारामा हिजो शुक्रवार ज्ञापनपत्र दिइसके पनि वार्ताका लागि कुनै पहल नभएपछि पीडितको तर्फबाट बाध्य भएर सडक आन्दोलन गर्नुपरेको आन्दोलनका नेतृत्वकर्ता एवं नेका क्षेत्रीय कार्यसमिति १ बाराका क्षेत्रीय सभापति विजयशङ्कर यादवले बताए ।

बुधवार सिम्रौनगढ नगरपालिकामा भएको शिक्षक आन्दोलनको क्रममा प्रहरीले चलाएको गोली लागेर सिम्रौनगढ नगरपालिका–१ नामसागरा ढाट बस्ने २५ वर्षीय लक्ष्मीमुखिया बिनको मृत्यु भएको थियो । गोलीकाण्डमा सोही नगरपालिका निवासी मधेस प्रदेशका मुख्यमन्त्री यादव र नगरपालिका प्रमुख कलवारको हात रहेको आरोप लगाउँदै सभापति यादवको नेतृत्वमा आज निजगढस्थित राजमार्ग अवरुद्ध गरिएको थियो ।

# नौजना महिलासहित १५२ जनाद्वारा रक्तदान

प्रस, वीरगंज, ३० मङ्सिर/

पर्सा जिल्लाका दुई स्थान र बाराको एक स्थानमा शनिवार आयोजित रक्तदान कार्यक्रममा १५२ जनाले रक्तदान गरेको रक्तसञ्चार केन्द्र, वीरगंजका प्राविधिक प्रमुख सौरभराज पाण्डेले बताए ।



तस्वीरः प्रतीक

वीरगंज महानगरपालिका–१६ नगवा पोखरीमा नगवा डेभलपमेन्ट कमिटीले आयोजना गरेको रक्तदान कार्यक्रममा चारजना महिलासहित ६१ जनाले रक्तदान गरेका रक्तसञ्चार केन्द्रका प्राविधिक धीरेन्द्र झाले बताए । राहुल चौरसिया, विराज पटेल, अजय साह, इम्तियाज अलि, सञ्जिता कुशवाहा, पुष्पा कुशवाहा, आशिष गुप्तालगायतले रक्तदान गरेका थिए ।

यसैगरी, रोटरी र रोट्र्याक्ट क्लब अफ वीरगंजको आयोजनामा नारायणी सेन्ट्रल अस्पताल बिर्तामा आयोजित रक्तदान कार्यक्रममा पाँचजना महिलासहित ५१ जनाले रक्तदान गरेको केन्द्रका प्राविधिक प्रमुख पाण्डेले बताए । श्वेता मस्करा, अभिषेक यादव, जयप्रकाश पटेल, गोपाल महतो, रोहित गुप्ता, सुशील सर्राफ, राजु पटेल, नवीन गुप्ता, राहुल कुशवाहालगायतले रक्तदान गरेका थिए ।

यसैगरी, बाराको सिम्रौनगढ नगरपालिका–४ वडा कार्यालयको आयोजनामा कचोर्वामा आयोजित रक्तदान कार्यक्रममा ४४ जनाले रक्तदान गरेका थिए ।

# विकास निर्माणमा नेताहरू बाधक –नगरप्रमुख चौहान

प्रस, पोखरिया, ३० मङ्सिर/

पोखरिया नगरपालिकामा विकास निर्माणको काम गर्दा केही नेताहरू बाधक बनेका नगरप्रमुख प्रद्युम्न चौहानले आरोप लगाएका छन् ।



पत्रकार सम्मेलनमा मन्तव्य व्यक्त गर्दै नगरप्रमुख चौहान । तस्वीरः प्रतीक

पोखरिया नगरपालिकाको कार्यालयमा शनिवार आयोजित पत्रकार सम्मेलनमा नगरप्रमुख चौहानले पोखरियामा निर्माण हुन लागेको घण्टाघर केही नेताहरूको अवरोधका कारण निर्माण हुन नसकेको बताए । उनले नेपाल सरकारको नाममा रहेको खाली जग्गामा स्थानीय सरकारले विकास निर्माणको काम गर्न पाइने भएपनि पार्टीगत द्वन्द्वका कारण अवरोध सिर्जना गरिरहेको आरोप लगाए । नेपाल सरकारको नाममा रहेको वीरगंज चिनी कारखाना लिमिटेडको जग्गामा घण्टाघर निर्माण गर्न बोर्ड बैठकले निर्णय गरेको उनले बताए । सोही जग्गामा स्थानीय क्लबले भवन बनाइ वर्षौंदेखि भाडा असुल्दै आएको थियो ।

नगरप्रमुख चौहानले पोखरिया नगरपालिकाको विकास निर्माण काम अन्तर्गत नाला निर्माण, सडक ढलान, कालोपत्रलगायतका काम भएको बताए । वर्षौंदेखि रोकिएको नगर विकासको कामको उद्घाटन भएको र चाँडै निस्सा वितरण गरिने उनले बताए । पोखरिया अस्पताललाई ५० शय्याको जिल्ला अस्पताल बनाउने प्रक्रिया अगाडि बढेको उनले बताए । उनले इलाका प्रशासन कार्यालय, मालपोत कार्यालय, नापी शाखाका सेवाकेन्द्र केही महीनाभित्रै स्थापना हुने बताए । सोको लागि भवनको व्यवस्थापन भइरहेको उनको भनाइ थियो । उनले विद्यालय तथा स्वास्थ्य संस्थामा केही कर्मचारीहरूको आवश्यकता भएकोले शिक्षक तथा स्वास्थ्यकर्मीको लागि विज्ञापन गरेको तर प्रकिया नपुगेर स्थगित भएकोमा फेरि विज्ञापन गरी पूर्ति गरिने बताए ।

नेपाल पत्रकार महासङ्घ पर्सा शाखाका अध्यक्ष अनुप तिवारीको अध्यक्षतामा भएको कार्यक्रममा निमित्त प्रमुख प्रशासकीय अधिकृत अजय श्रीवास्तव, वडाध्यक्ष लक्ष्मण साह, किशोरी साह, मनोज कुर्मीलगायतको सहभागिता थियो ।

# महिला सरसफाइकर्मीसँग यौन दुर्व्यवहारको प्रयास

प्रस, पोखरिया, ३० मङ्सिर/

पर्साको पोखरिया नगरपालिकाको कार्यालयमैं एकजना महिला सरसफाइ कर्मचारीमाथि जबरजस्ती करणीको प्रयास भएको छ ।



तस्वीरः प्रतीक

सरसफाइको नाममा शुक्रवार राति करीब साढे ९ बजे कार्यालयमा बोलाइ सरसफाइका नाइकेले जबरजस्ती करणीको प्रयास गरेको महिला सरसफाइकर्मीले आरोप लगाएकी छन् । कारबाहीको माग गर्दै ती महिलाले शनिवार इलाका प्रहरी कार्यालय, पोखरियामा उजूरीसमेत दिएकी छन् । पोखरिया बजारमा शनिवार बिहान सरसफाइकर्मीले फोहोर सङ्कलन गरेनन् ।

इलाका प्रहरी कार्यालय, पोखरियाका प्रहरी निरीक्षक मोहन विक्रम केसीले नगरपालिकाकी महिला सरसफाइकर्मीले आफूमाथि जबरजस्ती करणीको प्रयास भएको भन्दै उजूरी दिएको बताए । रातिदेखि नै आरोपित सरसफाइका नाइके रामबली हजरा फरार छन् । पीडित महिलाका अनुसार राति खाना पकाउने समयमा सरसफाइ गर्नु छ भन्दै नगरपालिकामा बोलाएको र बलात्कारको प्रयास गरिएको थियो ।

सरसफाइकर्मी महिलाले आफूलाई कार्यालय भवनको भुइँ तलामा रहेको स्वास्थ्य शाखामा सरसफाइ गर्ने क्रममा नाइके रामबली हजराले कोठाको चुकुल लगाएर जबरजस्ती करणी प्रयास गरेको आरोप लगाएकी छन् । उनले आफूमाथि बलात्कारको प्रयास भएको महसूस गरेपछि होहल्ला गरेको र ढोका खोलेर पर्खाल हामफालेर भागेर जोगिएको बताइन् । सरसफाइ शाखा प्रमुख विनोद पाण्डेले घटना सम्बन्धमा छानबीन शुरू भएको बताएका छन् ।

# पर्साको ग्रामीण भेगमा चोरीका घटना बढ्दै

प्रस, सेढवा, ३० मङ्सिर/

पर्साको ग्रामीण भेगका सुरक्षा व्यवस्था कमजोर बन्दै गएको छ । प्रहरी प्रशासन तस्करहरूसँग रकम असुलमा व्यस्त रहेकाले सुरक्षा व्यवस्था कमजोर भएको आम नागरिकको आरोप छ । सुरक्षा व्यवस्था कमजोर भएपछि यस क्षेत्रमा दिन प्रतिदिन चोरी तथा आपराधिक क्रियाकलापमा वृद्धि भएका छन् ।

गएराति जीराभवानी गाउँपालिका वडा नं ३ जीतपुरका एकजना किसानले पालेका एउटा दुहुनो भैंसी र एउटा पाडी गोठबाट चोरी भएको थियो ।

राति करीब २ बजे स्थानीय झगरु ओझैया थारूका दुईवटा भैंसी चोरी भएको थियो । चोरीको घटनाबारे नजीकै रहेको इलाका प्रहरी कार्यालय, सेढवामा खबर गरेको किसान झगरुका नाति रवि ओझैया थारूले बताए । प्रहरीले भोलि निवेदन दिनु अनि खोजी कार्य गर्ने बताएको रविले भने ।

रातिदेखि नै भैंसीको खोजी कार्यमा परिवारका सदस्य तथा छिमेकीहरू लागेका रविले बताए । आज दिउँसो करीब १ बजे हुलाकी सडकको हडही खोलाको छेउमा भैंसी र पाडी भेटिएका रविले बताए । दुहुनो भैंसीको पाडी अर्को घरमा राखिएको रविले बताए ।

त्यस्तै, जीराभवानी गाउँपालिका वडा नं २ सेढवा निवासी अशोक महतोको मोटरसाइकल उनको घरबाटै चोरी भएको छ । करीब दुई साताअघि घरमा राखिएको बा.७५प २९९० नम्बरको मोटरसाइकल चोरी भएको महतोले गुनासो गरे । इप्रका, पटेर्वासुगौली र जिल्ला प्रहरी कार्यालय, पर्सामा उजूरी गरे पनि अहिलेसम्म कुनै कारबाही नभएको महतोले गुनासो गरे ।

त्यस्तै, जगरनाथपुर गाउँपालिका वडा नं २ जानकीटोला निवासी तथा वर्तमान वडा सदस्य जयप्रकाश महतो केवटले आफ्नो मोटरसाइकल दिउँसै चोरी भएको जानकारी गराएका छन् । महतोले सडकमा राखी करीब एक सय मिटर पर खेतमा गएर फर्किंदा मोटरसाइकल चोरी भइसकेको जानकारी गराए ।

यसैगरी, परसवा गोल्डकपमा भारतीय र नेपाली नम्बरका ५० वटाभन्दा बढी मोटरसाइकल चोरी भएको आकलन गरिएको छ । यसका साथै दमकल, गरगहना, नगद तथा वाटर पम्प चोरीका घटनामा ह्वात्तै बढेको छ ।

यता प्रहरी एकाइहरू तस्कर, व्यापारी, जुवा खेलाउने गिरोह, मोटरसाइकल चोरी गर्ने गिरोह, काठ तस्करसँग रकम उठाउनमैं व्यस्त रहेकाले सुरक्षा व्यवस्था कमजोर भएको स्थानीयको आरोप छ ।

# स्थानीयवासीले भैंसीको सालिक तोडे

प्रस, वीरगंज, ३० मङ्सिर/

वीरगंज महानगरपालिका–२१ हनुमानचोकमा वीरगंज महानगरले निर्माण गरेको मुर्रा भैंसीको सालिक स्थानीयवासीहरूले तोडफोड गरेका छन् ।



तस्वीरः प्रतीक

मुर्रा भैंसी अङ्कित सालिक महानगरले निर्माण गरेकोमा विरोध गर्दै आएका स्थानीयहरूले मङ्सिर २९ गतेको समयसीमा दिएका थिए । सो समयमा सालिक नहटाइएको कारण आज स्थानीयवासीहरूले मुर्रा भैंसीको सालिक तोडफोड गरेका हुन् ।

तोडफोडमा संलग्न स्थानीयहरू कृष्ण

(बाँकी अन्तिम पातामा)

## विचारसार र सूक्तिहरू

**जीवनमा सबैभन्दा राम्रो उपहार कसैलाई हृदयदेखि सम्झना गर्नु र उसलाई यो अनुभूति दिनु कि तिमी मेरा खास हौ ।**


| | | |
|---|---|---|
| प्रकाशक | : | प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११ |
| प्रधान सम्पादक | : | जगदीशप्रसाद शर्मा |
| व्यवस्थापक/सम्पादक | : | विकाश शर्मा |
| सम्पादक | : | शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : | आरके पटेल |
| बारा विशेष प्रतिनिधि | : | गम्भीरा सहनी |

मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.prateekdaily.com


# अर्थतन्त्र सुधारका तथ्याङ्कीय भ्रम

समयान्तर



ओमप्रकाश खनाल
omkhanal@gmail.com

**बरु राजनीतिक स्थिरता नभए पनि हुन्छ, तर लगानीकर्ताले लगानीसम्बन्धी नीति स्पष्ट र दिगो चाहन्छन् । राजनीतिकरूपमा आक्रान्त मानिएका अफ्रिकी देशमा पनि लगानीकर्ताले राम्रै लगानी लगाएका उदाहरणहरूको पनि कमी छैन ।**

सरकारी तथ्याङ्कले मुलुकको अर्थतन्त्र सकारात्मक हुन थालेको देखाएको छ । तर अर्थतन्त्रका खास सरोकारहरूमा यसको सकारात्मक प्रत्याभूति देखिएको छैन । विप्रेषण बढेको, विदेशी मुद्राको सञ्चितिमा सुधार आएको, शोधनान्तर बचतजस्ता तथ्याङ्कलाई सरकारले अर्थतन्त्रमा सुधारका आयाम मानेको छ । तर यो किन भयो त ? के यो वास्तविक सुधार हो कि मन्दीको प्रभाव ? यसमा वस्तुनिष्ठ विश्लेषणको खाँचो खट्किएको छ ।

अर्थमन्त्री डा प्रकाशशरण महतले हालै पत्रकार सम्मेलन नै गरेर अर्थतन्त्र लयमा फर्किइसकेको दाबी गरेका छन् । तर त्यसलाई पत्याउने ठोस आधार देखिंदैन । अर्थतन्त्रका सूचकमा सुधार देखिनु सकारात्मक मान्न पनि सकिएला । तर त्यसको अन्तर्य के हो भन्नेमा सतर्कता जरुरी छ । तथ्याङ्कमा सुधार देखिने बित्तिकै अर्थतन्त्रमा सुधार नै भएको हुन्छ भन्ने पनि हुँदैन ।

देशका माग र खपत घटेर पनि विदेशी मुद्राको सञ्चिति र शोधनान्तर बचतमा गएको हुन सक्छ । यसमा परखको आवश्यकता छ । तथ्याङ्कीय शब्दजालले केही क्षणका लागि आत्मरती त देला, तर दीर्घकालका लागि यो आत्मघाती नै बढी हुन्छ । देशमा रोजगार नभएपछि विदेशिने जनशक्तिले विप्रेषण पठाउने, तर स्वदेशमा उत्पादन र माग नै नभए पनि रकम थुप्रिएको हो भने सूचकमा यस्तो सुधारलाई कसरी सकारात्मक मान्न सकिन्छ ?

अर्थतन्त्र चलायमान बनाउन भन्दै नेपाल राष्ट्र बैंकले केही लचिलो नीति ल्याएको छ । विदेशी मुद्राको सञ्चितिमा परेको दबाब कम गर्न भन्दै विगतमा कसिलो नीति लिएको केन्द्रीय बैंकले केही खुकुलो नीति लिनुलाई सकारात्मक भनिए पनि अर्थतन्त्रमा देखिएको जुन स्तरको समस्या छ, त्यसको निकासका निम्ति त्यो पर्याप्त नभएको पनि उत्ति नै सत्य हो ।

अर्थतन्त्रका आयामहरूलाई चलायमान बनाउन वित्तीयसँगै मौद्रिक नीतिको पनि भूमिका हुन्छ । हामीकहाँ मौद्रिक नीतिमा बढी चासो भएपनि वित्तीय नीतिलाई कसरी अनुशासित बनाउने भन्नेमा कमै मात्र चासो गएको देखिन्छ । आयको प्रत्याभूति नभई लोकप्रियताको लागि ल्याइने यस्ता नीति नै अहिलेको वित्तीय अस्थिरता र अराजकताको मुख्य कारण भन्न द्विविधा आवश्यक छैन ।

वित्तीय र मौद्रिक नीति एकअर्काका प्रतिस्पर्धीजस्तो हुनु पनि हाम्रो अर्थतन्त्रको समस्या हो । अर्थ मन्त्रालय र नेपाल राष्ट्र बैंक सहयात्री होइन, यसको नेतृत्व एकअर्काको प्रतिस्पर्धीजस्ता देखिंदा अर्थतन्त्रमा अवरोध आइलागेको पनि सत्य हो । अर्थ मन्त्रालयलाई राष्ट्र बैंकले नटेर्ने र अर्थमन्त्रीले राष्ट्र बैंकको नेतृत्वप्रति पूर्वाग्रह राख्ने जुन आचरण छ, यसलाई स्वस्थ अर्थतन्त्रको आधार बन्न सक्दैन ।

कोरोना महामारीयता विश्वको बदलिंदो अर्थराजनीति त आफ्नो ठाउँमा छ नै, हामीकहाँ सरोकारका पक्षबीच समन्वयको कमी र दम्भ पनि अवरोध बनेकोमा विवाद आवश्यक छैन । वर्षौंदेखि व्याप्त भ्रष्टाचार, कमिशनखोरीलाई कोरोनाको कहरले एकैपटक सतहमा ल्याइदियो । यही समयमा सरकार भ्रष्टाचार र कमिशनमा बढी लिप्त देखियो ।

अहिले निजी क्षेत्रको कुरा सुन्ने हो भने मुलुकमा उत्पादन, माग र खपत एक चौथाइमा खुम्चिएको छ । पछिल्लो समय वित्तीय प्रणालीमा तरलता फालाफाल छ । लगानीका नयाँ क्षेत्र छैनन्, यसको अर्थ लगानीकर्ता नयाँ लगानी ल्याउन उत्साहित छैनन् । स्वदेशकै लगानीकर्ता पर्ख र हेरको अवस्थामा रहेको अवस्थामा सरकारले आगामी वैशाखमा लगानी सम्मेलनको तयारी गरेको छ ।

लगानी सम्मेलनपूर्व मुलुकको साख मूल्याङ्कन (कन्ट्री रेटिङ) गरिने भएको छ । तर कन्ट्री रेटिङ मात्र लगानीकर्तालाई आकर्षित गर्ने पर्याप्त उपाय होइन भन्नेमा स्पष्ट हुन आवश्यक छ । कन्ट्री रेटिङ एउटा सामान्य पक्ष मात्र हो । कन्ट्री रेटिङ नभएका देशमा पनि लगानी भइरहेको छ ।

लगानीकर्ताले अवसर देखे भने जोखिम उठाउने हुन् । लगानी ल्याउन सरकारले एकाध कुराको रट लगाएर मात्र हुँदैन । लगानीसँग सरोकार राख्ने अनेक पक्ष र सरोकारहरूको संरचनागत र नीतिगत सुधारमा ध्यान दिनुपर्छ ।

राजनीतिक विचलन, भ्रष्ट प्रशासन पनि लगानीका अवरोध हुन् । करको किचलो लगानीकर्ताका लागि अर्को मूल टाउको दुखाइ हो । अहिले तहगत सरकार, त्यसमा पनि स्थानीय सरकारहरूले मच्चाएको कर अराजकता कर विवादको जडका रूपमा अगाडि आएको छ ।

नेपालमा लगानी किन गर्ने भन्नेमा सरकारसँग स्पष्ट जवाफ छैन । यो विषयमा सरकार भाषण गर्नमा अगाडि छ । तर लगानीकर्ता भाषणमा होइन, त्यसको नीतिगत र कानूनी प्रत्याभूतिमा विश्वास राख्छन् ।

स्वदेशकै लगानीकर्ताले चाहेका कानून अझै बनेका छैनन् । दुई दर्जनभन्दा बढी कानूनमा निजी क्षेत्रको असन्तुष्टि छ । उनीहरूले संशोधनको माग गरिरहेको अवस्था छ । हालै ल्याइएका कानूनहरूमा सामान्य त्रुटिमा पनि उद्यमीलाई जेल हाल्नेसम्मका प्रावधान राखिएको छ । कोही लगानीकर्ता मानसिकरूपमा आफू जेल बस्न तयार भएर किन नेपालमा आउँछ ? कुन नीति र नियम कुन बेला फेरिन्छ, त्यसको कुनै टुङ्गो छैन ।

बरु राजनीतिक स्थिरता नभए पनि हुन्छ, तर लगानीकर्ताले लगानीसम्बन्धी नीति स्पष्ट र दिगो चाहन्छन् । राजनीतिकरूपमा आक्रान्त मानिएका अफ्रिकी देशमा पनि लगानीकर्ताले राम्रै लगानी लगाएका उदाहरणहरूको कमी छैन ।

सरकारले भारत र चीनको बजारलाई अवसरको रूपमा देखाउने गरेको छ । तर दुई ठूला छिमेकीको बीचमा हुनु मात्रै लगानी आकर्षणको आधार हुन सक्दैन । आज हामी यी दुई देशको बजार बढी बनिरहेका छौं । सहज भौगोलिक बनावट, सस्तो श्रमशक्तिको कुरा भइरहेको छ । तर नेपालको जस्तो संरक्षणमुखी श्रमबजार अन्त विरलै देखिन्छ ।

चीन र भारतजस्ता अर्थतन्त्र सस्तो लागतमा उत्पादन कसरी ल्याउन सकिन्छ भनेर प्रतिस्पर्धामा उत्रिएको अवस्थामा हामी भने उत्पादनका अवयवलाई उच्च लागतमा राखेर प्रतिस्पर्धी बन्न सम्भव छैन । विगतमा पनि निकै तामझामका साथ लगानी सम्मेलन भएकै हुन् । तर खर्बौंमा प्रतिबद्धता आए पनि लगानीको हबिगत हामीले देखेकै हो । भनेकै भरमा लगानी ओइरिने होइन ।

सरकार सबै पक्षको अभिभावक भएकाले अभिभावकीय भूमिकामा दरिनुपर्छ, हुन नसकेको काम पनि यही हो । सरकारले समस्यामा परेको बेला राहत दिन सक्नुपर्छ । सरकार यो भूमिकामा सफल हुन नसक्नु नै अर्थतन्त्रले अहिले भोगिरहेको सकसको कारण हो ।

अर्थतन्त्रका सरोकारमा कहींकतै समस्या छन् भने पनि त्यसलाई सच्याएर सही बाटोमा ल्याउने काम सरकारको हो । यसैका लागि सरकारसँग राज्यको शक्ति निहित हुन्छ । तर यो शक्ति सरकारमा बस्नेहरूका लागि व्यक्तिगत लाभको दुनो सोझ्याएर अकुत आर्जन गर्ने औजार मात्र बढी बनेको/बनाइएको अवस्था छ । यस्तो अवस्थालाई सुधार कसरी मान्ने ? अर्थतन्त्रलाई वास्तवमैं सकारात्मक कसरी बनाउने ? यसमा गृहकार्यको अभाव छ । उत्पादन वृद्धिको नीति र सरकारले फजुल खर्च नियन्त्रण गरी मितव्ययिता अपनाउने हो भने अझै पनि अर्थतन्त्रलाई लयमा लैजान सकिन्छ ।

# मनुष्य जीवनको गौरव-गरिमा नभूलौं

**विवेकको कसी नै यही हो कि खेलौनाको पछि नलागेर उपयोगी संसाधनहरूमा जीवन-ऊर्जा खर्चियोस् । क्षणभङ्गुर कामनाहरूको पूर्तिको ठाउँमा आत्मसन्तोष, आत्मकल्याणको बाटो अँगालियोस् ।**

जीवात्मा दुई किसिमका सम्भावना आफूभित्र राखेर यस विश्व-ब्रह्माण्डमा आउँछ । एउटा मार्गले उसलाई श्रेयको अधिकारी बनाउँछ भने दोस्रो उसलाई प्रेयबाट प्राप्त हुन्छ-दुवैमध्ये जुनलाई पनि, उसले आफ्नो जीवन-पथको रूपमा छान्न सक्छ । सही समयमा सही पथको चयनले जीवात्मालाई उत्कर्षको स्वर्णसिंहासनमा आरूढ गराउन सक्छ भने गलत मार्गको परिणति पतन-पराभव-पश्चात्तापको रूपमा देख्न पाइन्छ ।

सही मार्ग चयन नै जीवात्माको विवेकको कसी हो । सत्य र मिथ्यामध्ये के छानियो, भ्रम, जन्जाल र अनन्त ऐश्वर्यमध्ये केलाई जीवनको ध्येय मानियो, यो जीवन लक्ष्यको एक मात्र परीक्षा हो । जो यस परीक्षामा उत्तीर्ण हुन्छन्, चिरकालसम्म परमात्माको अनुग्रहको छायामा निवास गर्ने स्वर्णिम सुयोग प्राप्त गर्छन्, आध्यात्मिक उत्थानको साक्षी बन्छन् भने भ्रम-जन्जालमा भौंतारिनेहरू अनन्तकालसम्म मायाको लहरसँग ठोकिंदै यस सुरदुर्लभ जीवनलाई व्यर्थ बनाउँछन् तथा पछुतोबाहेक अन्य केहीको अधिकारी बन्दैनन् ।

सुखको आकाङ्क्षाले माछालाई चारो हालेको काँटीको समीप पुऱ्याउँछ, तर त्यसको परिणाम दुःख र पीडाबाहेक केही हुँदैन । सजिलो दाना पाउने लोभले चरा जालमा फस्न पुग्छ । चना झिक्ने लोभले बाँदरको हात घैंटोमा अड्किने कुरा त विख्यात नै छ । साना प्राणीहरूको के कुरा ? जब वनराज सिंह र शत्रुदमन हात्ती यस मरिचिकाको शिकार बन्छन् तब यै भान हुन्छ कि भ्रान्ति र यथार्थमा महती भेद छ र यो भेद बुझ्न नसक्ने जीवात्मा, मायाको गहिरो भासमा फस्न पुग्छ अनि त्यहाँबाट निस्कनु उसका लागि असम्भव प्रतीत हुन्छ ।

इन्द्रिय सुखले यसै प्रकारको लिप्सा देखाएर जीवात्मालाई आफ्नो बन्धनमा आबद्ध गर्दछ । जब जिब्रोको स्वाद, जननेन्द्रियको कामुकता, आँखाको आकर्षण, मनको उद्विग्नता, आकाङ्क्षाको व्याकुलता, वासनाहरूको विस्तारमा नै जीवात्मा अल्झिन्छ भने आत्मिक उत्कर्ष, आन्तरिक उत्थानजस्ता लक्ष्यप्रति कसले ध्यान देओस् ? यदि कथम्कदाचित जीवात्मालाई स्वधर्मको सम्झना आयो भने पनि यस हेतु प्रयत्न-पुरुषार्थको शक्ति नै शेष रहन्न । न यस हेतु समय हुन्छ र न अपेक्षित मनोयोगको साथ पाइन्छ । यस्तोमा त आन्तरिक उत्कर्ष पनि मनोकामनाजस्तै प्रतीत हुन्छ र यसका लागि धरातलीय प्रयास जस्तै केही बेर बसेर पूजा इत्यादि गरेर मानिस आफ्नो आत्मालाई फुस्लाएर शान्त पार्ने प्रयास गर्छ ।

यदि सृष्टिमा उपस्थित अन्य प्राणी-योनिहरूतर्फ दृष्टिपात गर्ने हो भने प्रतीत हुन्छ कि मानिसलाई अन्य प्राणीहरूको तुलनामा कतिपय सुविचार, विभूति तथा सम्पदा प्रदान गरिएको छ । सर्वव्यापी, न्यायकारी, नियामक दिव्य सत्ताले केही नसोची मानिसमाथि यस्तो कृपा गरेका हुन् भनी ठान्नु भूल हो । यस विषयमा गहिरोगरी विवेचन गर्दा थाहा हुन्छ कि मानिसलाई यति धेरै विभूतिहरूले मन, वाणी, आत्माजस्तो दिव्य सम्पदाहरूले सुसज्जित गर्नु पछाडि परमात्माको यति मात्र उद्देश्य थियो कि मानिस ईश्वरको योग्य सहायकको रूपमा काम गरोस् तथा सृष्टि सञ्चालनमा उसको विश्वासपात्र सहयोगीको भूमिका निर्वाह गरोस् ।

यदि विधाताले रचेको यो सृष्टि-सुन्दर, समुन्नत र सुव्यवस्थित बन्यो भने त्यसको सुफल पनि त मानिसले नै प्राप्त गर्नेछ । मानिसलाई अन्य प्राणीहरूभन्दा बढी प्राप्त भएका यी अनुदान त्यसै उद्देश्य प्राप्तिका लागि हो र यदि जीवात्मा, त्यस ईश्वरीय प्रयोजनबाट पन्छिन्छ भने प्रचुर धन-सम्पदा हुँदाहुँदै पनि, आत्मप्रताडनाको दंशले उसलाई कहिल्यै सुख-शान्तिको अनुभव गर्न दिंदैन ।

सदुद्देश्यको मार्गमा हिंड्नका लागि विवेक जागरण आवश्यक हुन्छ । जहाँ मौज लाग्यो, पुग्यो; जस्तो तरङ्ग उठ्यो, त्यस्तै काम गर्न थाल्यो, यो व्यवहार सन्तुलित मनोभूमिको परिचायक होइन । विवेक जाग्नेबित्तिकै मानिस यस्ता अपरिपक्व व्यवहारबाट टाढा हुन्छ र जीवनलाई परमात्माको बहुमूल्य उपहार ठानेर सोचीसम्झी रणनीतिका साथ जीवनशैली पालन गर्न थाल्छ । अनि आन्तरिक उद्वेगले उसलाई हावामा उड्ने पातझैं बराल्न सक्दैन र जीवात्मा शान्ति, संयम, सन्तुलनको बाटोमा विजयी सैनिकजस्तै सोझो हिंड्दै जान्छ ।

विवेक जागरणको पहिलो कसी सही र गलत निर्धारण गर्ने क्षमता प्राप्त हुनु हो । सद्बुद्धि आयो भने यो सोच स्वतः जन्मन्छ कि विषरूपी वासनाहरूको तृप्ति जीवनको लक्ष्य हुन सक्दैन । संसारका सारा वासनाहरूको भोग गरेर पनि आजसम्म कोही तृप्त भएन र ठूला-ठूला महत्त्वाकाङ्क्षीहरू पनि कालको प्रहारले नतमस्तक भए ।

आफ्नो दश पीढीको आयु प्राप्त गर्ने ययाति हुन् वा नवग्रहमाथि राज गर्ने रावण, विश्वविजेताको सपना देख्ने सिकन्दर हुन् वा क्रूरताको प्रतीक चंगेज खाँ-यी सबैले धेरैथोक पाएर पनि असन्तोषको आगोमा रापिंदै बिदा भए । त्यहीं दुई पैसा कमाउने कबीर, दादू, रैदासले आनन्द प्राप्तिका अमरकथाहरू लेखे । कामनाहरू भोगेर तुष्ट हुँदा हुन् त सबै असन्तोषको भुङ्ग्रोमा पिल्सिएका किन देखिन्थे ? कामनाहरूले मानिसलाई भौंतारिन र पिल्सिन मात्र बाध्य पार्छन्, तृप्ति र तुष्टि त आन्तरिक उत्थानबाट मात्र प्राप्त हुन सक्छ ।

लोभान्ध र मोहान्ध मानिसलाई यो शाश्वत सत्य कहाँ देखिन्छ र ! यसैको परिणाम हो कि मरणधर्मा संसारको पछि सबै दगुरिरहेका देखिन्छन्, तर आत्माको उन्नतिको विषयमा चिन्तन गर्ने मानिस औंलामा गन्न सकिन्छ । जीवनभरि कुदाएर जब प्राणकोश रिक्त हुन्छ र यस धराधामबाट बिदा लिने बेला हुन्छ, अनि भान हुन्छ कि जीवनभरि मात्र पापको पोका भरिएको रहेछ र मृत्युपर्यन्त अन्धकारको व्यवस्था गरिएको रहेछ-श्रेष्ठ र उत्कृष्ट सम्भावनाहरू त कहिले न पछि छुटिसके ।

जीवनभरि भोगका पछि कुद्यो भने रोग र शोकका अतिरिक्त केही पाइँदैन, पापकर्मले गर्दा भावी जीवन बरबाद हुन्छ, त्यो छुट्टै । यसलाई विवेकको दृष्टिले उपलब्धि कसरी मान्ने ? हाड चुसेर कुकुरले केही पाउँदैन, गिजा छेडेर निस्केको आफ्नै रगतमा प्रपञ्चको वशीभूत भएर रमाइरहन्छ । वासना र तृष्णाको मृगमरिचिकाले पनि मानिसलाई यस्तै व्यर्थको लक्ष्यमा अल्झाइराख्छन् । यो सुरदुर्लभ मनुष्य जुनि यसै व्यर्थ अफालिन्छ ।

विवेकको कसी नै यही हो कि खेलौनाको पछि नलागेर उपयोगी संसाधनहरूमा जीवन-ऊर्जा खर्चियोस् । क्षणभङ्गुर कामनाहरूको पूर्तिको ठाउँमा आत्मसन्तोष, आत्मकल्याणको बाटो अँगालियोस् । विष वा अमृत खानु मानिसको चयन क्षमतामा निर्भर छ, तर त्यो खाएपछि परिणामस्वरूप पाइने मृत्यु अथवा अमरताबाट जोगिन सकिंदैन । सत्कर्मको परिणाम जहिले पनि शुभ नै हुन्छ र दुष्कर्म, दुर्योग बनेर जन्म-जन्मान्तरसम्म पछि लागिरहन्छ-यो सृष्टिको शाश्वत सत्य हो । बबूलको बोट रोपेर आँप पाउने सपना मूर्खले मात्र देख्छ-आत्मज्ञान पथको पथिकले होइन । अतः सही समयमा सही पथमा आउन बेर गर्नुहुँदैन; किनकि यसैबाट जीवनको अन्तिम परिणतिको निर्धारण हुन्छ ।

# विवाहपञ्चमी किन मनाइन्छ त ?

स्वतन्त्र विचार



राजेन्द्रप्रसाद कोइराला (Phd)
rajendrakoirala20@gmail.com

**विवाहित महिलाहरूले विवाहपञ्चमी दाम्पत्य सुख प्राप्त गर्नका लागि मनाउने गर्छन् भने अविवाहित महिलाहरूले उपयुक्त जीवनसाथी पाउनका लागि मनाउँछन् ।**

विवाहपञ्चमी एक हिन्दू चाड हो, जुन अग्रहायण (नोभेम्बर, डिसेम्बर)मा शुक्ल पक्षको पाँचौं दिन मनाइन्छ । यो दिन भगवान् राम र सीताको शुभविवाहको सम्झना गर्ने गरिन्छ । विवाहपञ्चमी पुरातन समयमा मिथिलानगरी भनेर चिनिने जनकपुरधाममा मनाइने गरिन्थ्यो र आजपर्यन्त यसलाई धूमधामका साथ मनाउने गरिन्छ । जनकपुरधामको आफ्नै ऐतिहासिक महत्त्व छ । स्थानीय समुदायमा यो पर्वलाई शुभ मानिन्छ र यसको आलोकलाई मधेस प्रदेशभरि मुख्यगरी हिन्दू धर्मावलम्बीको माझमा ग्रहण गरिन्छ र यस दिन यो प्रदेशमा बिदा दिइन्छ ।

यस पर्वको अवसरमा विश्वभरिबाट जनकपुरधाममा हजारौं भक्तजनको घुइँचो लाग्ने गर्छ । विवाह समारोहमा भाग लिन भगवान् रामको जन्मस्थल अयोध्याबाट जनकपुरधाममा बाजागाजासहित जन्ती आउने गर्छ । शोभायात्रामा गहना, लत्ताकपडा, मिठाइ, फलफूल, फूललगायतका खाद्यवस्तुहरू ल्याइएका हुन्छन् । विवाहपञ्चमी एक हप्ता अघिदेखि ठूलो हर्षोल्लासका साथ मनाइने गरिन्छ । भक्तजनहरू यस हप्ता दिनको उत्सवमा उत्साहपूर्वक सहभागी हुन्छन् । सबैभन्दा प्रतीक्षित समारोह "धनुष समारोह" हो, जुन "बाऱ्ह बिघा मैदान"मा हुन्छ । यो विश्वास गरिन्छ कि भगवान् रामले यसै समारोहमा पवित्र धनुष तोडेर सीतालाई जितेका थिए ।

यस समारोहमा मिथिला समुदायमा मनाइने विशेष अनुष्ठान "मटकोर" र "स्वयंवर" पनि समावेश गरिन्छ । विवाह समारोहपछि राम र सीताको पहिरन लगाएका जोडीलाई सुन्दर ढङ्गले सजाइएको रथमा नगरपरिक्रमामा लगिन्छ । विवाह कसरी भयो भन्ने देखाउन सांस्कृतिक कार्यक्रम र 'रामलीला' आयोजना गरेर पर्वलाई थप रमाइलो बनाइएको हुन्छ । जानकी मन्दिरबाट राम र सीताका मूर्तिहरू बाहिर निकालेर गहनाले सजाइन्छ ।

विवाह पञ्चमीको अवसरमा पूरै शहरलाई दुलहीको रूपमा सजाइने गरिन्छ । जनकपुरधाम घुम्नको लागि यो उपयुक्त समय हो । यस समय वरपरको मौसम उत्कृष्ट हुन्छ र आगन्तुकहरूले शहरको सांस्कृतिक पक्षको अवलोकन गर्ने मौका पनि पाउँछन् ।

विवाहपञ्चमी देशभरि राम र सीताको पूजा-आराधना गरी मनाइन्छ तर जनकपुरधामको कुरै अलग्गै छ । पौराणिक कथा अनुसार त्रेतायुगमा यसै दिन भगवान् राम र देवी सीताको विवाह भएको थियो ।

विवाह समारोहको सम्पूर्ण तयारी पूरा गरिसकेपछि विवाह समारोह आयोजना गर्न जनकपुरधामको बाऱ्ह बिघा रङ्गभूमिको सरसफाइ गरिन्छ ।

(बाँकी तेस्रो पातामा)

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४४८

## अन्तर्राष्ट्रिय समाचार

# घरबारविहीनको सङ्ख्यामा उल्लेख्य वृद्धि

वाशिङ्टन, ३० मङ्सिर/एएफपी

संयुक्त राज्य अमेरिकामा घरबारविहीन हुनेको सङ्ख्या यस वर्ष


तस्वीरः एएफपी

कीर्तिमानी स्तरमा पुगेको शुक्रवार सार्वजनिक गरिएको एक सरकारी प्रतिवेदनले देखाएको छ।

अमेरिकी आवास तथा शहरी विकास विभागका प्रमुखले गरेको गणना अनुसार डिसेम्बरसम्ममा देशभर छ लाख ५३ हजार १०० भन्दा बढी मानिस घरबारविहीन भएका छन्।

यो सङ्ख्या अघिल्लो वर्षको तुलनामा ७० हजार ६५० अर्थात् १२ प्रतिशत बढी हो र सन् २००७ मा तथ्याङ्क सङ्कलन शुरू भएयताकै सबैभन्दा बढी हो।

अफ्रिकी अमेरिकीहरू कुल अमेरिकी जनसङ्ख्याको १३ प्रतिशत छन् तर घरबारविहीन भएकामध्ये ३७ प्रतिशत अफ्रिकी अमेरिकीहरू रहेका छन्।

सन् २०२२ देखि २०२३ को बीचमा पहिलो भाषाका रूपमा स्पेनिश भाषा प्रयोग गर्ने भनेर पहिचान गर्ने व्यक्तिमा घरबारविहीन हुनेको सङ्ख्यामा २८ प्रतिशत अर्थात् ३९ हजार १०६ जनाले वृद्धि भएको प्रतिवेदनमा उल्लेख छ।

सन् २०१२ देखि नै घरबारविहीन अवस्थामा रहेका बालबालिकाको सङ्ख्या पनि १६ प्रतिशतले वृद्धि भएको प्रतिवेदनमा उल्लेख छ।

जनवरीमा घरबारविहीन भएका छ लाख ५३ हजार १०० मध्ये हरेक १० जनामा छजना आश्रयस्थल वा अन्य अस्थायी आवासमा थिए भने १० मध्ये चारजना मानवबस्तीका लागि नबनेको ठाउँमा थिए।

क्यालिफोर्नियामा सबैभन्दा धेरै एक लाख ८१ हजार ३९९, न्यूयोर्कमा एक लाख तीन हजार २००, फ्लोरिडामा ३० हजार ७५६, वाशिङ्टनमा २८ हजार ३६, टेक्सासमा २७ हजार ३७७ र ओरेगनमा २० हजार १४२ जना घरबारविहीन छन्।

विशेषज्ञहरूका अनुसार संयुक्त राज्य अमेरिकामा घरबारविहीनताको सङ्कटलाई गरीबी, मानसिक स्वास्थ्य, लत र आवासको अभावलगायत धेरै कारकहरूले बढावा दिइरहेका छन्। रासस

# अन्तरमहादेशीय मिसाइल प्रक्षेपण गर्ने योजनामा रूस

मस्को, ३० मङ्सिर/सिन्ह्वा

रूसले सन् २०२४ मा सातवटा अन्तरमहादेशीय मिसाइल प्रक्षेपण गर्ने रणनीतिक योजना बनाएको रूसी मिसाइल फोर्सका रणनीतिक कमान्डर लेफ्टिनेन्ट जनरल सर्गेई काराकायेभले शुक्रवार बताएका छन्।

रूसबाट प्रकाशित रेड स्टारसँगको अन्तर्वार्तामा काराकायेभले पछिल्लो पाँच वर्षमा रूसी सेनाले परीक्षण तथा तालीमका लागि २० वटाभन्दा बढी मिसाइल प्रक्षेपण गरेको बताए।

काराकायेभले ओरेनवर्ग क्षेत्रको यास्नी पूर्वाधार प्रयोग गरी परीक्षण गरिएको बताउँदै आगामी वर्ष थप सातवटा मिसाइल प्रक्षेपण गर्ने योजना रहेको उल्लेख गरेका छन्।

रूस तथा संयुक्त राज्य अमेरिकाबीच अन्तरदेशीय मिसाइल र पन्डुबीहरू प्रक्षेपणको योजनाका विषयमा सूचना आदानप्रदान जारी रहेको काराकायेभले बताएका छन्।

उनका अनुसार रूस र अमेरिकाले एकअर्कालाई प्रक्षेपणको विषयमा एक दिनअघि नै जानकारी प्रदान गर्ने प्रचलन रहेको छ। स्रोतका अनुसार पूर्वसोभियत सङ्घ तथा संयुक्त राज्य अमेरिकाबीच सन् १९८८ को सन्धि अनुसार क्षेप्यास्त्र परीक्षणको कम्तीमा २४ घण्टाअगाडि सूचना लिनेदिने सम्झौता भएको थियो। सूचनाले प्रक्षेपणको मिति, स्थान तथा हतियारको प्रभावको बारेमा सङ्केत गर्छ। रासस

# तीन बन्धकको गलतीवश मृत्यु

तेल अभिभ, ३० मङ्सिर/एएफपी

इजरायलले गाजामा बन्धक बनाइएका तीनजना कैदीको गलतीवश मृत्यु भएको भन्दै उक्त घटनाप्रति दुःख व्यक्त गरेको छ।

इजरायली सेनाले उक्त घटनालाई लिएर तेल अभिभमा भएको प्रदर्शनप्रति पनि खेद व्यक्त गरेको छ।

इजरायली सेनाका अनुसार योतम हैम, एलन शम्रिज र समर अल–तलालकालाई गाजा शहरको सीमा क्षेत्रमा अपरेशनको क्रममा गोली हानिएको थियो।

हमासले अक्टोबर ७ मा इजरायलमा गरेको आक्रमणका क्रममा बन्धक बनाइएका अनुमानित २४० व्यक्तिमध्ये यी तीनजना पनि थिए।

इजरायली रक्षा बलका प्रवक्ता डेनियल हागारीले भने, "शेजैयामा भएको लडाइँको क्रममा इजरायली रक्षा बल (आइडिएफ)ले गलतीले तीनजना इजरायली बन्धकलाई खतराको रूपमा पहिचान गरेको थियो र फलस्वरूप उनीहरूमाथि गोली चलायो र बन्धकहरू मारिए।"

"आइडिएफ यस दुःखद घटनाको बारेमा गहिरो दुःख व्यक्त गर्छ र परिवारको दुःखमा साझेदारी गर्छ।

उनीहरूको शव इजरायलमा सारिएको थियो। अनुसन्धानबाट उनीहरू २८ वर्षीय हेम, २५ वर्षीय अल–तलालका र २६ वर्षीय शम्रिज भएको पुष्टि भएको थियो।

इजरायली प्रधानमन्त्री बेन्जामिन नेतन्याहूले उनीहरूको मृत्युलाई 'सहन कठिन दुःखद' घटना भनेका छन्।

"सम्पूर्ण इजरायल आफ्नो क्षतिप्रति दुःखी छ," उनले भने। ह्वाइट हाउसले पनि यो घटनालाई 'दुःखद गलती' भनेको छ।

घटनाको खबर फैलिएपछि तेल अभिभस्थित इजरायलको रक्षा मन्त्रालयमा सयौं मानिस भेला भएका थिए र नेतन्याहूको सरकारलाई हमास शासित क्षेत्रमा रहेका १२९ जना बन्धकको रिहाइका लागि आग्रह गरेका थिए।

भेलामा एउटा प्लेकार्डमा लेखिएको थियो, "हरेक दिन एकजना बन्धकको मृत्यु हुन्छ।"

"मलाई डर लागिरहेको छ," हमासले बन्धक बनाएक एक महिला इटे स्विस्कीकी बहिनी मेराभ स्विस्कीले भनिन्, "हामी अहिले नै बन्धकका लागि सम्झौता गर्नका लागि माग गर्छौं।"

गत नोभेम्बरमा इजरायली जेलमा रहेका केही प्यालेस्टाइनीहरूको बदलामा १०० भन्दा बढी बन्धकलाई हमासद्वारा मुक्त गरिएको थियो।

त्यसपछि त्यो सम्झौता अन्त्य भएको छ र लडाइँ फेरि शुरू भएको छ। रासस

## आजको राशिफल

| | |
|---|---|
| मेष – सफलता | वृष – राज्यभय |
| मिथुन – रोगभय | कर्कट – व्यापारवृद्धि |
| सिंह – अलमल | कन्या – कार्यनाश |
| तुला – भयचिन्ता | वृश्चिक – राज्यलाभ |
| धनु – धनखति | मकर – सुयश |
| कुम्भ – अलमल | मीन – धनलाभ |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

यहाँ स्तरीय छपाईसम्बन्धी सम्पूर्ण कार्य गरिन्छ।
बिल, बूक, खाता
क्यालेन्डर, ब्रोसर, पोस्टर
विवाह कार्ड, लेटरप्याड
पुस्तक, डायरी
भिजिटिङ कार्ड
फ्लेक्स, ब्यानर
प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, Website: eprateekdaily.com

# डेढ दशकदेखि उठाइएको हिमालका मुद्दा कोप–२८ मा स्वीकार

काठमाडौं, ३० मङ्सिर/रासस

जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय सम्मेलन (कोप–२८)मा पहिलोपटक जलवायुले हिमालमा पारेका असर कोप–२८ निर्णयका दस्तावेजमा समावेश गरिएका छन्।


तस्वीरः रासस

संयुक्त अरब इमिरेट्सको दुबईमा यही मङ्सिर १४ देखि २६ गतेसम्म भएको कोप–२८ मा प्रारम्भमैं अन्य सम्मेलनको तुलनामा हिमालका मुद्दाबारे निकै चर्चा मात्र भएन, यस मुद्दाले प्राथमिकतासमेत पायो। हिमाली मुलुक नेपालले खासगरी सन् २००९ मा डेनमार्कको कोपनहेगनमा भएको कोप–१५ देखि नै जलवायु परिवर्तनले हिमाली पारिस्थितिकीय प्रणालीमा पारेको असरबारे विश्वको ध्यानाकर्षण गराउँदै आएको थियो। त्यसताका अधिकांश सम्मेलनमा नेपालले प्राथमिकताका साथ हिमालका मुद्दा उठाउँदै आए पनि यसबारेमा अपेक्षाकृत उपलब्धि भएको थिएन।

संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेसले कोप–२८ को उद्घाटन समारोहमा नेपालको नाम नै लिएर विश्व तापमानमा भएको वृद्धिका कारण हिमाल पग्लिने क्रम तीव्ररूपमा बढेको उल्लेख गरेका थिए। उनले सम्मेलनको पूर्वसन्ध्यामा गत कात्तिकमा नेपालको भ्रमण गरी सगरमाथा र अन्नपूर्ण आधार क्षेत्रको भ्रमण गरेका थिए। उनको यो भ्रमणले पनि नेपाललाई हिमालका मुद्दा उजागर गर्न सहज भएको हो।

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले पर्वतीय मुलुकका मुद्दा उजागर गर्नेगरी यस सम्मेलनमा उच्चस्तरीय गोलमेच बैठकको आयोजना गरेका थिए। नेपालले जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसङ्घको कार्यक्रममा छुट्टै बैठकको अध्यक्षता गर्दै उच्चस्तरीय बैठक सञ्चालन गरेको यो पहिलोपटक हो।

बैठकमा महासचिव गुटेरेसले विशेष सम्बोधन गरेका थिए भने एन्डोराका प्रधानमन्त्री, किर्गिज गणतन्त्रका विदेशमन्त्री, भुटानका स्टेट सेक्रेटरीलगायतले सम्बोधन गरेका थिए। पेरिस सम्झौता अनुसार विश्व समुदायले यस शताब्दीको अन्त्यसम्ममा पृथ्वीको तापक्रम १.५ डिग्री सेल्सियसभन्दा बढ्न नदिने सहमति गरे तापनि सन् २०५० भन्दा पहिले नै हिमाली क्षेत्रको तापक्रम सरदर १.८ डिग्री सेल्सियसभन्दा बढी हुने अनुमान गरिएको छ। साथै उच्च तापक्रम वृद्धिले गर्दा यस क्षेत्रमा रहेका हिमालका दुई तिहाइ हिम भण्डारहरू पग्लिने अनुमान अध्ययनले गरेका छन्।

सम्मेलनमा नेपालले लामो समयदेखि उठाउँदै आएको हिमालको मुद्दाले पाएको प्राथमिकता र दस्तावेजमा भएको उल्लेखबारे वन तथा वातावरणमन्त्री वीरेन्द्रप्रसाद महतोले आफूहरू निकै उत्साही भएको बताए। युएनएफसिसिसीको सचिवालयले हिमालमा जलवायुले पारेको असरबारे विभिन्न निर्णयका दस्तावेजमा उल्लेख गर्नु नेपालका लागि ठूलो उपलब्धि भएको उनको भनाइ थियो।

मन्त्रालयको जलवायु परिवर्तन व्यवस्थापन महाशाखाका प्रमुख बुद्धिसागर पौडेलले सम्मेलनमा नेपालले गरेको छलफल, वार्ता र पैरवीका कारण हिमालका मुद्दा सम्मेलनका निर्णयमा उल्लेख भएको जानकारी दिए। यसैको परिणाम आगामी जून महीनामा जर्मनीको बोनमा हिमालका मुद्दामा 'टेक्निलक डाइलग' गरिने भएको छ। "यो सुरुआत मात्र हो। यसमा विज्ञहरूले गर्ने छलफलबाट तयार हुने प्रतिवेदनले सिफारिश गर्ने र त्यसपछि आगामी कोप सम्मेलनमा यो मुद्दा थप अगाडि बढाउन सहज हुनेछ," उनले भने।

सम्मेलनमा भएको जलवायुसम्बन्धी पहिलो विश्वव्यापी समीक्षा (जिएसटी)मा हिमालको पारिस्थितिकीय प्रणालीमा काम गर्नुपर्छ, यो बढी जोखिमयुक्त छ भनेर उल्लेख भएको छ। सहसचिव डा पौडेलले भने, "अब सन् २०२८ सम्म यही विषयलाई समावेश गरेर दातृ तथा विभिन्न निकायमा प्रस्ताव लेख्दा वा बोल्दा उल्लेख गर्न सहज भयो। यो दस्तावेज अर्को पाँच वर्षसम्मलाई संविधानजस्तै हुन्छ। यसको ठूलो मूल्य छ।" यसैगरी, 'ग्लोबल गोल अन एडप्टेसन'मा पनि हिमालको मुद्दा परेको छ। त्यसको पनि ठूलो अर्थ हुने उनले बताए।

सम्मेलनमा जलवायुजन्य हानिनोक्सानी कोष स्थापना हुनु र कोषमा ७०० मिलियन अमेरिकी डलरभन्दा बढी रकमको प्रतिबद्धता भएको छ। आगामी जनवरी महीनाभित्र कोष सञ्चालनका लागि बोर्ड गठन भई निर्देशक नियुक्त भएपछि कोष कार्यान्वयनको सुरुआत हुनेछ। यसैगरी, यस सम्मेलनमा लामो रस्साकस्सीपछि पहिलोपटक जीवाश्मा इन्धन अन्त्यको सुरुआत गर्ने सम्बन्धमा पक्ष राष्ट्रहरूबीच सहमति भएको छ। यो कोप–२८ को ठूलो उपलब्धि हो। जलवायु वित्तमा पनि यस सम्मेलनमा उपलब्धि भएको छ। सम्मेलनमा नेपालले पहिलोपटक स्थापना गरेको मण्डपले नेपालका सम्बन्धमा अन्तर्राष्ट्रियजगत्मा सकारात्मक सन्देश प्रवाह भएको सरकारी अधिकारीहरूले बताएका छन्।

विगतका तीन/चार दशकको तथ्याङ्क हेर्दा हिमालमा प्रतिदशक शून्य दशमलव शून्य पाँच डिग्री सेल्सियसका दरले तापक्रम बढिरहेको छ। यसको असरले खासगरी हिमनदी पग्लिने क्रम तीव्र बढिरहेको छ।

विश्व तापमान वृद्धिले सन् १९८० देखि २०१० सम्मको अवधिमा करीब २५ प्रतिशत हिमनदीको क्षेत्रफल घटेको देखिएको छ। हाल नेपालमा सम्भावित जोखिमा रहेका तालको सङ्ख्या २१ रहेको छ। चीनको तिब्बतका २५ र भारतको एउटा हिमताल फुट्दा तिनको असर नेपालमा पनि पर्नेछ। नेपालमा दुई हजार ७० वटा हिमताल छन्।

## विवाहपञ्चमी किन ...

महोत्सवमा सहभागी हुन विभिन्न ठाउँबाट आउने भक्तजनलाई बस्न विभिन्न ठाउँमा पाल टाङ्गिएका हुन्छन्। तथापि ठाउँको व्यवस्थापनाको कमीले धेरै तीर्थयात्री मन्दिर परिसर, फूटपाथ, पोखरी क्षेत्र आदि खुला मैदानमा खुला आकाशमुनि बस्न बाध्य हुन्छन्। प्रदेश सरकारको फितलो व्यवस्थापन प्रत्येक वर्ष जनकपुरधाममा देखिने गरिन्छ।

भगवान् राम र देवी सीता सबैभन्दा लोकप्रिय जोडीमध्ये एक हुन् र तिनीहरू वैवाहिक सम्बन्धमा सद्भाव, त्याग र समर्पणका लागि परिचित छन्। देवी सीताले भगवान् रामको लागि १४ वर्ष पर्खनुभयो र रामले आफ्नी प्यारी पत्नी सीतालाई मुक्त गर्न राक्षस राजा रावणसँग युद्ध गर्नुपरेको थियो। यही कारणले गर्दा हरेक मायालु दम्पतीले यिनीहरूको पूजा गर्ने गर्छन्। विवाहपञ्चमी ती व्यक्तिहरूका लागि विशेषरूपमा शुभ मानिन्छ, जसले सुखी दाम्पत्य जीवन जिउनको लागि एक उत्तम जीवनसाथीको पहिचान गर्ने लक्ष्य राख्छ।

**समारोहको ऐतिहासिक पृष्ठभूमिः**

महर्षि विश्वामित्रले राजा दशरथलाई उनको यज्ञको रक्षा गर्न अनुमति दिन आग्रह गरे। राजा दशरथले अनैच्छिकरूपमा बुद्धिमान विश्वामित्रसँग सहमत भए र राजकुमार राम र लक्ष्मणलाई ऋषिसँग जान अनुमति दिए। महर्षि विश्वामित्रले आफ्नो यज्ञ सफलतापूर्वक समाप्त गरे र राम र लक्ष्मणको साथ मिथिला फर्के। त्यस बेला मिथिलाका शासक जनकले राजकुमारी सीताको स्वयंवरको आयोजना गरेका थिए।

शिव धनुषलाई स्वयंवरमा राखिएको थियो। सबै योग्य वरले भुइँमा राखिएको एउटा ठूलो धनुष उठाउनु र तान्नुपर्ने थियो।

यद्यपि सहभागीहरूले त्यो भारी र ठूलो धनुष उठाउन सकेनन्, जसमा देश–परदेशबाट धेरै योग्य व्यक्तिको सहभागिता थियो। त्यसपछि ऋषि विश्वामित्रले रामलाई धनुषलाई दुई टुक्रा गर्न भने र रामले सहजै त्यो धनुषालाई दुई टुक्रा पारिदिए। राजा जनक प्रसन्न भए र राजकुमारी सीताको भगवान् रामसँग विवाह गराए।

**विवाहपञ्चमीको दिन विवाह गर्नुहुँदैन**

विवाहपञ्चमीको हिन्दूजगत्मा आफ्नै अर्थ छ, तर आजको दिन गरेको विवाहहरू त्यति सफल हुँदैनन् भन्ने अचम्मको जनविश्वास छ। नेपालको मिथिलाञ्चलमा यसलाई धेरै उच्च मानिन्छ र न्यायपूर्वक पालना गरिन्छ किनभने वर्षौंदेखि यस दिन विवाह नगर्ने चलन रहेको छ। माता सीताको दाम्पत्य जीवन अत्यन्त दुःखमय भएकोले विवाहपञ्चमीको दिन विवाह गर्नुहुँदैन भन्ने जनविश्वास छ। १४ वर्षको वनवासपछि भगवान् श्रीरामले गर्भवती माता सीतालाई रानी बन्ने अवसर नदिने बलिदान दिएकाले विवाहपञ्चमीको दिन विवाह गरिँदैन। त्यो दिन विवाह समारोह भयो भने मानिसको दाम्पत्य जीवन माता सीताजस्तै पीडादायी हुन्छ भन्ने भ्रम आज पनि मानिसमा छ।

**निष्कर्ष**

विवाहित महिलाहरूले विवाहपञ्चमी दाम्पत्य सुख प्राप्त गर्नका लागि मनाउने गर्छन् भने अविवाहित महिलाहरूले उपयुक्त जीवनसाथी पाउनका लागि मनाउँछन्। विवाहपञ्चमीको सम्झनामा भगवान् राम र माता सीताका भक्तहरूले विशेष पूजा गर्ने, एकदिवसीय व्रत बस्ने र हर्षोल्लासका साथ विवाह समारोह आयोजना गर्छन्।

# निश्शुल्क आँखा दाँत शिविर

प्रस, वीरगंज, ३० मङ्सिर/
चित्रगुप्त समिति वीरगंजको आयोजनामा शनिवार आँखा तथा दाँत शिविर सम्पन्न भएको छ। आँखा तथा दाँत शिविरमा ५३ जनाले आँखा परीक्षण गराएका थिए।





तस्वीरः प्रतीक

जसमा १९ जनाको आँखामा मोतीबिन्दु देखा परेको वीरगंज सामुदायिक आँखा अस्पतालका महेश सिंह धामीले जानकारी दिए।

यसैगरी, २४ जनाले दाँतको परीक्षण गराएका थिए। दाँतको परीक्षण गर्दा २० जनामा समस्या देखा परेकाले थप सेवा विशेष छुटमा दिने शिवा पोलिक्लिनिकका डा अजय अस्थानाले बताए।

मोतीबिन्दु देखा परेका सबै बिरामीको समितिले निश्शुल्क शल्यक्रिया गराउने चित्रगुप्त समितिका अध्यक्ष महेश दासले बताए।

शिविरमा समितिका उपाध्यक्ष अरुणाकुमार लाल, सचिव प्रभुनारायण कर्ण, सहसचिव डा कमलेश दत्त, कोषाध्यक्ष आलोकचन्द्र दत्त, सहकोषाध्यक्ष राजीव श्रीवास्तवलगायतको सहभागिता थियो।

## जनमत पार्टी ...

चौधरी, पवन श्रीवास्तव, राजन महतो, सौरभ पटेल, राकेश उपाध्याय, सागर साह कानूलाई वडा प्रहरी कार्यालय, श्रीपुरले पक्राउ गरेको छ।

सो चोकमा हनुमानको प्रतिमा स्थापना हुनुपर्ने माग गर्दै स्थानीयवासीहरूले मुर्रा भैंसीको सालिक राखेर अपमान गरेको भन्दै विरोध गरेका थिए।

महानगरले हनुमानचोकमा मुर्रा भैंसी, वीरगंज–१५ प्रतिमाचोकमा जिराफ र बिपी उद्यानमा बाघको सालिक स्थापना गरेको छ।


## प्रदूषण रोकौं, स्वस्थ बनौं

**वातावरण प्रदूषणका कारणहरू :**

- अव्यवस्थित औद्योगिकीकरण,
- प्राकृतिक स्रोतसाधनको जथाभावी उत्खनन,
- जथाभावी फोहोर विसर्जन,
- प्रदूषणको मापदण्ड भित्र नपरेका सवारीसाधनको प्रयोग,
- वन–जङ्गलको विनाश,
- प्लाष्टिकको प्रयोग,
- प्लाष्टिकलगायत अन्य वस्तु जलाउनु,

**यस्ता कार्य नगरौं/नगराऔं।**

नेपाल सरकार
विज्ञापन बोर्ड







# चोरीको मोटरसाइकलसहित युवक पक्राउ

प्रस, भिस्वा, ३० मङ्सिर/
प्रहरी चौकी भिस्वाले भारतीय मोटरसाइकल चोरी गरेको आरोपमा एकजना युवकलाई पक्राउ गरेको छ।


तस्वीरः सौजन्य

पर्सागढी नगरपालिका–५ बस्ने १९ वर्षीय राजु यादवलाई भारतीय मोटरसाइकल चोरी गरेको आरोपमा पक्राउ गरिएको प्रहरी चौकी भिस्वाले जनाएको छ।

निजलाई चोरीको मोटरसाइकलसहित पक्राउ गरिएको हो। भारत बिहार पश्चिम चम्पारण बस्ने पप्पु कुमारको नाममा रहेको भारतीय मोटरसाइकल चोरी गरेको कसूरमा युवक यादवलाई पक्राउ गरिएको प्रहरी चौकी भिस्वाले जनाएको छ।

# खेलकूदको संसार

## मेयरकप टी-२० क्रिकेट : पोखरिया विजयी

दिनेश मिश्र, पोखरिया, ३० मङ्सिर/
पोखरियामा जारी पाँचौं मेयर कप टी–२० क्रिकेट प्रतियोगिता अन्तर्गत शनिवार भएको खेलमा पोखरिया नगरपालिका विजयी भएको छ।


तस्वीरः प्रतीक

पोखरियाको शेरा खेलमैदानमा टस हारेर ब्याटिङको निम्तो पाएको पोखरिया नगरपालिकाले निर्धारित २० ओभरको खेलमा नौ विकेट गुमाएर २०९ रन बनाएको थियो।

प्रतिउत्तरमा जगरनाथपुर गाउँपालिकाले निर्धारित २० ओभरमा नौ विकेट गुमाएर १३७ रनमा सीमित भयो। आजको खेलमा २५ बलमा ६९ रन बनाउनुका सार्थ तीन विकेट लिएका पोखरिया नगरपालिकाका विकास साह 'म्यान अफ दी म्याच' घोषित भए।

आइतवार पकाहामैनपुर र बहुदरमाई नगरपालिकाबीच खेल हुने आयोजक कमिटीले जनाएको छ।

# एफपिओ र मर्जर गेनबाट दुई दिनमै करिब १३ अर्ब कर सङ्कलन

काठमाडौं, ३० मङ्सिर/रासस
सरकारले लिएको नीतिका कारण 'एफपिओ'को प्रिमियम र मर्जरको 'बार्गेन पर्चेज गेन'बाट दुई दिनमा रु १२ अर्ब ८१ करोड राज्यकोषमा कर दाखिला भएको छ।

आन्तरिक राजस्व विभागका महानिर्देशक दीर्घराज मैनालीका अनुसार शुक्रवार र शनिवार ४ बजेसम्म उक्त रकम राज्यकोषमा दाखिला भएको हो। कर दाखिला गर्ने समय आज राति १२ बजेसम्म रहेको छ। आजसम्म दाखिला गर्नेले जरिवाना छुट पाउने व्यवस्था रहेको छ।

महालेखापरीक्षकको कार्यालयले विसं २०७७ मा सार्वजनिक गरेको ५७औं वार्षिक प्रतिवेदनदेखि लगातार एफपिओको प्रिमियम, मर्जर तथा प्राप्तिको बार्गेन पर्चेज गेन र लिलामीको शेयर बिक्रीमा कर छली भएको भन्दै असुल गर्न सरकारलाई निर्देशन दिंदै आएको थियो।

अर्थ मन्त्रालय र आन्तरिक राजस्व विभागले महालेखापरीक्षकको प्रतिवेदनले उठाएका विषय बेवास्ता गर्दै आएका थिए।

महालेखाको ६०औं प्रतिवेदनमा सरकारले कर उठाउनुपर्ने विषय उठाइएको छ।

महालेखाले लगातार चार प्रतिवेदनमा कर उठाउनुपर्ने विषय उठाएपछि अर्थमन्त्री डा प्रकाशशरण महतले एफपिओको प्रिमियम, मर्जर तथा प्राप्तिको बार्गेन पर्चेज गेन र लिलामीको शेयर बिक्रीमा मङ्सिर मसान्तसम्म कर तिरे जरिवाना शुल्क र ब्याज मिनहा हुने व्यवस्था गरेका थिए।

सरकारले समयमैं निर्णय नदिएकाले अर्बौं रकम शुल्क र जरिवानाको दायित्वमा परेका सङ्गठित संस्थालाई छुट दिने घोषणा डा महतले आर्थिक ऐनमार्फत गरेका थिए। शुल्क र जरिवानामा छुट दिने निर्णय गर्दा संविधानविपरीत सरकारले कर लगाउन खोजेको भन्दै अर्थमन्त्रीले गरेको निर्णयविरुद्ध १६ वटा वाणिज्य बैंक सर्वोच्च अदालत पुगेका थिए।

पूर्वअर्थमन्त्रीले कुनै निर्णय नगर्दा राज्यले गुमाएको अर्बौं राजस्व अर्थमन्त्री डा महतको निर्णयले राज्यकोषमा आउन लागेको छ। अर्थमन्त्री महतले छुट दिने निर्णय नगरेर विगतका अर्थमन्त्री जस्तै मौन बसेको भए संवैधानिक निकायले प्रश्न उठाउने र सरकारले नटेर्ने प्रवृत्ति बढ्दै जाने थियो। अर्थमन्त्री महतले संवैधानिक आयोगले उठाएको विषयलाई महत्त्वका साथ समाधान गर्दै राज्यकोषमा अर्बौं रकम जम्मा गरेका छन्।

अर्थमन्त्री महतले नै विभिन्न सार्वजनिक कार्यक्रममा संवैधानिक निकायले प्रश्न उठाएपछि सरकारले कर लिने नीति लिएको बताउँदै आएका थिए। मन्त्री महतले बजेट संशोधन गरेर 'ब्याक' हुने सम्भावना नरहेको र बैंकरहरूलाई अदालत जान सार्वजनिकरूपमैं सुझाव दिंदै आएका थिए।

बिहीवार प्रधानन्यायाधीश विश्वम्भरप्रसाद श्रेष्ठ, न्यायाधीश आनन्दमोहन भट्टराई, सपना प्रधान मल्ल, सुषमालता माथेमा र कुमार रेग्मीको संवैधानिक इजलासले उक्त रिट खारेज गरेको हो। उक्त रिट सर्वोच्चले खारेज गरेसँगै आर्थिक ऐनमार्फत छुट दिने अर्थमन्त्री डा महतको निर्णय कानूनबमोजिम भएको ठहर भएको छ।

# रङ्गभूमि मैदानमा अन्नबाट बनाइएको सीतारामको आकृति तयार

महेन्द्रनगर (धनुषा), ३० मङ्सिर/रासस
विवाहपञ्चमीको अवसरमा रङ्गभूमि मैदानमा ११ हजार स्क्यावर फिटभन्दा ठूलो सीतारामको आकृति तयार गरिएको छ।

जनकपुरधामस्थित रङ्गभूमि मैदानमा सीताराम आकृति तयार भएपछि यसको दर्शनका लागि पनि निमन्त्रण आयोजक टोलीले दिएको छ। जनकपुरधाम उपमहानगरपालिकाका प्रमुख मनोजकुमार साहले सीतारामको आकृतिमा प्रयोग गरिएको अन्नलाई सदुपयोग गरिने बताए।

नगरप्रमुख साहले १०२ क्विन्टल अन्नको प्रयोग गरिएको चिन्ता व्याप्तरूपमा उठिरहेको भन्दै यस अन्नको सदुपयोग गर्नका लागि लागिपरेको बताए। उनले भने, "धार्मिकस्थलका रूपमा रहेको जनकपुरधाम सीतामाताको गृहनगर रहेकाले हामीले विभिन्न सङ्घसंस्था तथा विभिन्न व्यक्तिहरूको सहयोग र समायोजन तथा समर्थन पाएपछि सीतारामको आकृति बनाउन अभिप्रेरित भएका हौं, अन्नलाई कसरी प्रयोग गर्ने भन्नेमा हामी लागिपरेका छौं।" सो विषयमा नकारात्मक टीकाटिप्पणीभन्दा पनि अहिले सकारात्मक कामका लागि सबैसँग सहयोग माग्दै सफल पार्नका लागि उनले आग्रह गरे।

जनकपुरधाम उद्योग वाणिज्य सङ्घका अध्यक्ष जीतेन्द्र महासेठले भने, "यो प्रतिमा विश्व सम्पदाको सूचीमा ल्याउनका लागि पनि हामीले पहलकदमी लिइरहेका छौं।" उनले सीतारामको प्रतिमा करीब एक सातासम्म रहने भएकाले यसको सुरक्षा घेरामा नगर प्रहरी र नेपाल प्रहरीले पनि सुरक्षा प्रबन्धको व्यवस्थामा सहयोग गर्ने बताए।

सीतारामको आकृति तयार भइसकेकाले आजदेखि नगरवासी, श्रद्धालु भक्तजनलगायत सबैमा दर्शनका लागि अपीलसँगै निमन्त्रण दिए। महासेठले ८० प्रतिशत अन्नको बर्बादी हुन नदिने योजना रहेको बताए। उनले बर्बाद हुनबाट बचेको अन्नलाई जोगाएर विभिन्न आश्रममा सहयोगसँगै वितरण गर्ने योजना रहेको पनि बताए। उनले सीतारामको आकृति बनाउने योजना डेढ महीनाअघिको रहेकाले यसलाई पूर्णता दिनका लागि हामीले पनि पहलकदमी लिएको बताए।

महासेठले सीतारामको आकृति बनाउनका लागि स्थानीय व्यापारी तथा व्यवसायीसमेतको भरपूर सहयोग रहेको बताए। निर्देशक तथा कलाकार गुज्जरले ११ हजार ११ स्क्वायर फिटमा


अन्नको प्रयोग गरी बनाइएको सीतारामको आकृति। तस्वीरः रासस

उनले सीतारामको प्रतिमा बनाउनका लागि संयुक्त खाता खोलेर नगरवासी तथा सहयोगी दाताहरूबाट रकम सङ्कलन गरी काम गरेको पनि बताए। नगरप्रमुख साहले सीतारामको आकृति बनाउने सतीश गुज्जर र गुनगुन मिश्रलाई विशेष धन्यवाद पनि दिए।

जनकपुरधाम उद्योग वाणिज्य सङ्घका अध्यक्ष जीतेन्द्र महासेठले सीतारामको आकृति बनाउनका लागि पाँच दिन लागेको बताए।

यसअघि भारतको उत्तर प्रदेशस्थित अयोध्यामा सीतारामको आकृति १० हजार आठ सय स्क्वायर फिट बनाएर विश्व रेकर्ड बनाइएको थियो। जनकपुरधाममा निर्माण गरिएको यस आकृतिले भारतको रेकर्डलाई तोड्दै नयाँ रेकर्ड कायम गरेको गुज्जरले बताए।